# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ४] काठमाडौं आश्विन १४ गते २०११ साल [ अतिरिक्ताङ्क

## भाग १

### गृहमन्त्रालयको विज्ञप्ति

विषयः—गैर कानूनी हात हतियार

नं. गृ. फु. ५१०१ १२–६–०११

गैर कानूनी हात हतियारहरू जिल्लामा आदेश दाखिल भएका मितिले ६ महिनाभित्र लाइसेन्स गराउने, सो म्याद भुक्तान भएपछि कुनै कारण देखाई म्याद थप मागेमा थप नपाउने, सो रिन्यू नगराई राख्ने व्यक्ति पक्राउ भएमा आर्मस् जफत भै ३ वर्षसम्म कैद हुनेछ भन्ने परामर्शदातृ—सभाबाट सदर भएनमोजिम ०१०–२–१६ मा सबै जिल्ला, गौंडा, गढी, गोस्वारालाई आदेश भै गएकोमा सो गैर कानूनी हात हतियार लाइसेन्स रिन्यु गराउन पर्ने धेरै बाँकी देखिएको र सो ६ महिनाभित्र गराउने म्याद जिल्लाको कुना काप्चीमा नपुगी म्यादभित्र सबैले थाहा नपाएको र वर्षाद खोला नंघारले रोकी म्यादभित्र जिल्ला,



(४६)
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

गौंडा, गोस्वारामा दाखिल गर्न ६–७ दिनको टाढा पर्ने समेत भै म्यादभित्र पुग्न नसक्ने औ म्याद नाघेबाट कैद सजाय समेतको डरले सो गैर कानुनी हात हति- यार लाईसेन्स रिन्यू गर्न नल्याई राख्ने समेत भएकोले म्याद थप गरिदिनुपर्ने भन्ने जिल्ला, गौंडा, गढी, गोस्वाराबाट र जनताको समेत म्याद थामी लाईसेन्स गराई पाऊँ भन्ने निवेदन उजुरी पर्न आई राखेको त्यस्तोमा म्याद थप नपाउने गर्दा जन- तालाई पीर मर्का र सरकारको मुरादअनुसार गैर कानुनी हात हतियार सबै दर्ता रिन्यू हुन नआउने भै केही फायदा नहुने हुँदा अब पछिलाई थाहा नपाएको, पर्देश लागेका, वर्षा याममा बाटो रोकेको भन्ने समेत कुनै कुरा भन्न नपाउने, उजुरै नलाग्ने गरी अब १ पटकलाई म्याद थप दिई सो म्यादमा पनि दर्ता गर्न नसक्नेहरूलाई सोही १० साल ज्येष्ठ २६ गते जारी भएका विज्ञप्तिबमोजिम गर्ने गराउने गरी फेरि विज्ञप्ति प्रकाश गरिदिन पाए सबैको भएसम्मको गैर कानुनी हातहतियार दर्ता हुन आउने देखिएको बेहोरासमेत जाहेर हुन आएकोमा पहाडको लागि १ वर्ष, नेपाल ४ मन्ज्याङभित्र र तराईको लागि ६ महिनाको अन्तिम म्याद दी लाईसेन्स नभएकोमा लाईसेन्स गर्न लगाउने, म्याद भुक्तान भएको लाईसेन्स छ भने रिन्यु गर्न लगाउने गरी सरकारबाट निर्णय भएको हुनाले सूचित गरिएको छ। लाग्ने दस्तुर लिई उक्त निर्णय भै आएबमोजिम गर्नु गराउनुहोला।

आज्ञाले—

नीरराज,

सेक्रेटरी—गृहमन्त्रालय.

---

गोरखापत्र छापाखानामा मुद्रित। सरदार विष्णुध्वज जोशी.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि म